सानीभेरी गाउँपालिका, सिम्ली,रुकुम(पश्चिम),कर्णाली प्रदेश,नेपाल

स्थानीय राजपत्र

खण्ड:१ संख्या:१ मिति: २०७४/०५/१५

भाग-१

सानीभेरी गाउँपालिका

गाउँ कार्यापालिकाको कार्यालय

नेपालको संविधान बमोजिम स्थानीय गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको।

संम्बत् २०७४ सालको ऐन नं.०१

सानीभेरी गाउँपालिको आर्थिक ऐन, २०७४

सानीभेरी गाउँपालिका सिम्ली रुकुम (पश्चिम) कर्णाली प्रदेश नेपाल

गाउँसभावाट पारित मिति : ०७४/४/२६

प्रमाणीकरण मिति : ०७४/०५/०५

प्रस्तावनाः

सानीभेरी गाउँपालिका आर्थिक बर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम सानीभेरी गाउँ सभाले यो ऐन बानाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"सानीभेरी गाँउपालिकाको आर्थिक ऐन, २०७४"** रहेको छ ।

(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि सानीभेरी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम घर कर तथा विद्यामान कानून बमोजिम रजिष्ट्रेसन शुल्क लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर बहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा तोकिए बमोजिम कर निर्धारण गरिनेछ। तत्काल व्यवसाय फर्महरुलाई गाँउकार्यपालिकामा दर्ता गरि अभिलेख राख्ने प्रयोजनका लागि अनुसूचि (४) बमोजिम व्यवसाय दर्ता शुल्क लगाईने छ।

६. **जडिबुटि, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटि, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सेवा शुल्क, दस्तुरः** (१) गाँउपालिकाबाट उपलब्ध गराईने सेवा तथा सिफारिमा सेवाग्राहीबाट निम्न प्रकृतिका आधारमा शुल्क लगाईने छ ।

(क) निशुल्क प्रकृतिका सिफारिस	-शुल्क नलाग्ने ।
(ख) साधारण प्रकृतिका सिफारिस	-रु.५०/-
(ग) मध्यम प्रकृतिका सिफारिस	-रु. २००/-
(घ) विशेष प्रकृतिका सिफारिस	-रु. ५००/–
(ङ) पञ्जिकरण शुल्क	-रु. १००/-

(२) सिफारिसको प्रकृति अनुसूची ६ मा तोके बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा लगाईने कर सम्बन्धि व्यवस्था विद्यामान कानून बमोजिम हुनेछ । आवश्यकता अनुसार गाँउसभाबाट कर निर्धारण तथा स्विकृत गरि लागु गरिनेछ ।

तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा लगाईने कर सम्बन्धि व्यवस्था विद्यामान कानून बमोजिम हुनेछ । आवश्यकता अनुसार गाँउसभाबाट कर निर्धारण तथा स्विकृत गरि लागु गरिनेछ ।

तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार वा पसलमा लगाईने कर सम्बन्धि व्यवस्था विद्यामान कानून बमोजिम हुनेछ । आवश्यकता अनुसार गाँउसभाबाट कर निर्धारण तथा स्विकृत गरि लागु गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिकाले निर्धारण गरेको क्षेत्रभित्र पार्किक गरेबापत लगाईने कर सम्बन्धि व्यवस्था विद्यामान कानून बमोजिम हुनेछ । आवश्यकता अनुसार गाँउसभाबाट कर निर्धारण तथा स्विकृत गरि लागु गरिनेछ ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग,बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत लगाईने कर सम्बन्धि व्यवस्था विद्यामान कानून बमोजिम हुनेछ । आवश्यकता अनुसार गाँउसभाबाट कर निर्धारण तथा स्विकृत गरि लागु गरिनेछ ।

१३. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनहरुमा लगाईने कर विद्यामान कानून बमोजिम हुनेछ । आवश्यकता अनुसार गाँउसभाबाट कर निर्धारण तथा स्विकृत गरि लागु गरिनेछ ।

तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४. **पर्यटन शुलकः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट विद्यामान कानून बमोजिम पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।

तर , प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सेहि बमोजिम हुनेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायिन्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि अन्य व्यवस्थाको लागि गाँउकार्यपालिकाले कार्यविधि बनाई कार्यन्वयन गर्नेछ।

अनुसूची-१
(दफा २ सँग सम्बन्धित)
घर कर

क्र.स.	घर जग्गा कर	घरको प्रकार	
		पक्की घर	कच्ची घर
१	प्रति घर रु./पैसा	रु. १०० /-	रु. ५०/-
२	जग्गा रजिष्ट्रेसन शुल्क	जिल्ला मालपोत कार्यालयले जग्गाको प्रति रोपनी मुल्य दर निर्धारण गरे अनुसार ५% का दरले ।	

अनुसूची-२
(दफा ३ सँग सम्बन्धित)
मालपोत कर

क्र.स.	कर शिर्षक	भुमिको प्रकार							
		खेत				पाखा			
१	भुमि (मालपोत) कर	अब्बल	दोयम	सिम	चहार	अबल	अब्बल	सिम	चहार
	प्रति रोपनी रु./पैसा		२५	२०	१५		२०	१५	१०

अनुसूची-३
(दफा ४ सँग सम्बन्धित)
बहाल कर

क्र.स.	व्यक्ति तथा संस्थागत घर बहालका प्रकार	प्रक्रिया	कर प्रतिशत
१	भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छाप्रा, जग्गा र पोखरी	घर धनी र व्यवसाय बीच सम्झौता भए अनुसार	सम्झौता भए अनुसार घर बहाल मूल्यको १०% का दरले

अनुसूची-४
(दफा ५ सँग सम्बन्धित)
व्यवसाय दर्ता शुल्क

क्र.स.	व्यवसाय कर	व्यवसाय दर्ता शुल्क
१	नियम बनाई निर्धारण गरिने ।	रु. ५००/-
२		

अनुसूची-५

(दफा ६ सँग सम्बन्धित)

जडिबुटि कर

क्र.स.	जडिबुटि प्रकार	परिमाण	कर प्रतिशत
१	सतुवा, रातो च्याउ, सुनगाभा, रिटो, अमाला, श्रीपालो, चिराइतो, दालचिनी, काउलो, चुत्रा, समायो, कटुकी, खोटो, टिमुर, अल्लो, सेतबरुवा, लोक्तो	१ क्विन्टल (१०० के.जी.)	प्रचलित मुल्यको १.५% का दरले

अनुसूची-६

दफा ७ सँग सम्बन्धित

सिफारिसको प्रकृतिका आधारमा विभाजनः

(क) निशुल्क प्रकृतिः

(१) जनआन्दोलन र जनयुद्धका शहित परिवार घाइते र सुचिकृत अपांगलाई दिइने सिफारिस।

(२) घर भत्किएको सिफारिस ।

(३) आर्थिक सहायता सम्बन्धि सिफारिस ।

(४) अपाङ्ग सम्बन्धि सिफारिस ।

(५) कोर्ट फि मिनाहा सम्बन्धि सिफारिस ।

(ख) साधारण प्रकृतिः

(१) कोठा खाली गर्न ३५ दिने सूचना सम्बन्धि सिफारिस ।

(२) नावालक परिचय पत्र सम्बन्धि सिफारिस ।

(३) फरक फरक अंग्रेजी हिज्जे प्रमाणित ।

(४) जेट मेशिन सम्बन्धि सिफारिस ।

(५) स्थायी बसोबास सिफारिस ।

(६) अस्थायी बसोबास सिफारिस ।

(७) बिजुली जडान सिफारिस ।

(८) धारा जडान सिफारिस ।

(९) छात्रबृत्ति सिफारिस ।

(१०) गैरनाफामुलक संस्था दर्ता प्रमाणपत्र ।

(ग) मध्यम प्रकृतिकाः

(१) मुद्दा दर्ता, मिलापत्र आदि ।

(घ) विशेष प्रकृतिकाः

(१) कक्षा पथ स्विकृति सम्बन्धि सिफारिस ।

(२) मोही लगत कट्टा सिफारिस ।

(३) सार्वजनिक (नेपाल सरकारको नाममा) बाटो कायम सिफारिस ।

(४) संस्था दर्ता सिफारिस ।

(५) संस्था नविकरण सिफारिस ।

(६) घर कायम सिफारिस (जग्गाधनी पुर्जामा)

(७) जग्गा धनि पुर्जा प्राप्त गर्ने सिफारिस (प्रतिलिपि)

(८) मृतकको हकदार सिफारिस ।

(९) आन्तरिक बसाइसराइ सिफारिस ।

(१०) सडक खन्ने स्विकृति सिफारिस ।

(११) तिन पुस्ते प्रमाणित सिफारिस ।

(१२) फरक फरक नाम र थर सिफारिस ।

(१३) नाता प्रमाणित प्रमाणपत्र ।

(१४) चार किल्ला प्रमाणित ।

(१५) घरबाटो प्रमाणित ।

(१६) कित्ताकाट सिफारिस ।

(१७) अविवाहित प्रमाणपत्र ।

(१८) जम्म मिति प्रमाणपत्र ।

(१९) विवाह प्रमाणपत्र ।

(२०) घर जग्गा नामसारी सिफारिस ।

(२१) घर कायम सिफारिस ।

(२२) व्यवसाय बन्द सिफारिस ।

(२३) व्यवसाय दर्ता प्रमाणपत्र ।

(२४) अदालतको आदेश बमोजिम प्राविधिक मूल्यांकन प्रतिवेदन ।

(२५) बार्षिक आम्दानी प्रमाणित (Verification fo Annual Imcome)

(२६) सम्पती मुल्यांकन (Property Valuation)

(२७) कर चुक्ता प्रमाणपत्र (Tax Clearance Certificate)

संविधानको धारा २२८ को उपधारा (२) बमोजिम सानीभेरी गाँउसभाद्धारा पारित आर्थिक बर्ष २०७४/०७५ को सानीभेरी गाँउपालिकाको आर्थिक ऐन, २०७४ यस सानीभेरी गाँउपालिका अध्यक्ष श्री नरबहादुर पुन बाट प्रमाणिकरण गरिएको छ ।

आज्ञाले,
नाम:भूपाल सिं विष्ट
प्रमुख प्रशासकीय अधिकृत